# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, जेठ १५ गते २०५० साल (अतिरिक्ताङ्क १२

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उद्योग तथा श्रम राज्यमन्त्री श्री रामकृष्ण ताम्राकार आई. एल. ओ. को ८० औं महाधिवेशनमा भाग लिन २०५० साल जेठ १८ गते स्वीट्जरल्याण्डको जेनेभातर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग र श्रम मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय वाणिज्य तथा आपूर्ति राज्यमन्त्री श्री ऐश्वर्यलाल प्रधानाङ्गले सम्हाल्नु हुनेछ।

### सूचना २

माननीय जलस्रोत राज्यमन्त्री श्री लक्ष्मणप्रसाद घिमिरे मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको मैत्रीपूर्ण भ्रमणमा २०५० साल जेठ १८ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जलस्रोत मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सूचना तथा संचार राज्यमन्त्री श्री विजयकुमार गच्छदारले सम्हाल्नु हुनेछ।

हुकुम बक्से बमोजिम,

रेवतीरमण खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६